**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १० फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगाल विधानसभा को बजट सत्र आजदेखि शुरू भएको छ।

- राज्यको बजट सत्रको पहिलो दिनलाई पारम्परिक तरीकाले सम्बोधन गर्नुहुँदै राज्यपाल सी. भी. आनन्द बोसले राज्य सरकारको कार्यहरुको प्रशंसा गर्नुभएको छ।

- राज्यका मुख्यमंत्री अनि तृणमूल कांग्रेसका प्रमुख ममता बनर्जीले आगामी बंगाल विधानसभा चुनावमा आफ्नो पार्टी को प्रदर्शनमाथि विश्वास व्यक्त गर्नुभएको छ।

- राज्यमा माध्यमिक अनि मदरसा परीक्षा आजदेखि शुरू भएको छ।

- खरसाङमा हाउजिङ फर अलको रकममा अनियमितता विषयलाई लिएर आजदेखि खरसाङ महकुमा शासक कार्यालय अघि धरणा प्रदर्शन शुरू गरिएको छ।

**बंगाल-बजट**

पश्चिम बंगाल विधानसभा को बजट सत्र आजदेखि शुरू भयो। आज बजट सत्रको पहिलो दिनको शुरुआत पारम्परिक तरीकाले राज्यपालको अभिभाषणबाट भयो। बजट सत्रलाई सम्बोधन गर्नुहुँदै राज्यपाल सी. भी. आनन्द बोसले राज्य सरकारले शिक्षा, मदरसाको आधुनिकीकरण, रोजगार सृर्जना, कौशल विकासमा ध्यान केन्द्रित गर्दै विगत १३ वर्षमा धेरै पहलहरु गरेको बताउनुभयो। यसको साथै राज्यमा हालै सम्पन्न भएको बंगाल ग्लोबल बिजनेस समिट अत्यन्त सफल बनेको राज्यपालले बताउनुभयो। विगत १ बर्षमा राज्यमा कानून व्यव्स्था शान्तिपूर्ण रहेको पनि राज्यपालले बताउनुभयो। यस बजट सत्र को अवधि राज्य को वित्त मंत्री चंद्रिमा भट्टाचार्यले आगामी 12 फरवरीमा बजट पेश गर्नुहुनेछ। यस पछि राज्यपाल को अभिभाषण अनि बजट माथि विस्तृत चर्चा हुनेछ जुन चाहिँ 19 फरवरी सम्म चल्नेछ।

****** ० ******

**ममता**

पश्चिम बंगालको मुख्यमंत्री अनि तृणमूल कांग्रेसका प्रमुख ममता बनर्जीले आगामी बंगाल विधानसभा चुनावहरुमा आफ्नो पार्टी को प्रदर्शनमाथि विश्वास व्यक्त गर्नुभयो। उहाँले हालै दिल्ली चुनावको परिणामले उहाँको संभावनाहरुलाई प्रभावित नपार्ने बताउनुभयो। सुश्री बनर्जीले आज आफ्नो पार्टी का विधायकहरुसित तृणमूल कंग्रेसले आगामी पश्चिम बंगाल विधानसभा चुनावहरुमा दुइ-तिहाई बहुमत प्राप्त गर्ने पनि बताउनुभयो। उहाँले दिल्ली अनि हरियाणा चुनावहरुमा आफ्नो इंडी गठबंधन का सहयोगीहरु, कांग्रेस अनि आम आदमी पार्टीको प्रदर्शन को आलोचना गर्नुहुँदै यी पार्टीहरुबीछ असल समन्वय भएको भए परिणाम अलग हुन सक्ने थियो भनी बताउनुभयो। यसको साथै सुश्री ब्यानर्जीले आफ्नो विधायकहरुसित कार्यकर्ताहरु अनि जनतासित अधिक भन्दा अधिक जोड़िने निर्देश दिनुभएको छ। उल्लेखनीय छ पश्चिम बंगालमा आगामी विधान सभा चुनाउ आगामी वर्ष २ हजार २६ मा हुनेछ।

****** ० ******

**माध्यमिक परीक्षा**

पश्चिम बंगाल मा माध्यमिक अनि मदरसा परीक्षा आजदेखि शुरू भएको छ। यस वर्ष नौ लाख 84 हजार 9 सय 53 छात्रले माध्यमिक परीक्षा लेखिरहेका छन्, जसमध्ये पांच लाख 55 हजार 9 सय 50 छात्राहरु अनि चार लाख 28 हजार 8 सय 3 छात्र छन्। यस्तै प्रकारले, मदरसा बोर्ड का परीक्षा मा 65 हजार 2 छात्र शामेल हुनेछन्। परीक्षा बिहान 10 बजेर 45 मिनट देखि शुरु हुनेछ अनि दिउँसो 2 बजे सम्म चल्नेछ। राज्य का शिक्षा मंत्री ब्रात्य बसुले परीक्षार्थीहरुलाई शुभकामना दिनुहुँदै सबै छात्रले परीक्षालाई एउटा उत्सव मानेर आनंदपूर्वक परीक्षा दिने आहवान गर्नुभएको छ। उहाँले परीक्षालाई निष्पक्ष अनि शांतिपूर्ण तरीकाले संपन्न गराउनकालागि प्रशासन ले सबै आवश्यक पाइला चालेको जानकारी पनि दिनुभएको छ। यस पटक प्रश्नपत्र लीक अनि नकल रोक्नका लागि कड़ा नियम लागू गरिएको बताइएको छ। परीक्षा केंद्रहरुमा कुनै प्रकार को इलेक्ट्रॉनिक गैजेट लैजान माथि सख्त प्रतिबंध रहनेछ। कुनै छात्रसित परीक्षा को अवधि मोबाइल तथा अन्य इलेक्ट्रॉनिक उपकरण पाइएको खण्डमा परीक्षार्थीको परीक्षा रद्द गरिनेछ। छात्रको परीक्षा रद्द माध्यमिक परीक्षाको लागि राज्यभरीमा 2 हजार 6 सय 83 केंद्र बनाइएको छ। माध्यमिक परीक्षा 22 फरवरीमा समाप्त हुनेछ।

****** ० ******

**खरसाङ्ग-माध्यमिक**

आजदेखि शुरु भएको माध्यमिक परीक्षामा खरसाङ क्षेत्रमा रहेको चारवटा परीक्षा केन्द्रहरुमा जम्मा ५३६ जनाले परीक्षा दिएको जानकारी प्राप्त भएको छ।खरसाङमा माध्यमिक परीक्षाको चारवटा परीक्षा केन्द्रहरुमा पुष्परानी उच्चत्तर माध्यमिक विद्यालय, स्कट मिशन उच्चत्तर माध्यमिक विद्यालय, सन्त जोसेफ उच्चत्तर माध्यमिक विद्यालय र सन्त अल्फन्सेस उच्चत्तर माध्यमिक विद्यालय रहेका छन्। यी चारवटा परीक्षा केन्द्रहरुमा छात्र छात्राहरु लगाएर जम्मा ५३८ जना भए पनि दुईजना अनुपस्थित रहेकोले पहिलो दिनको माध्यमिक परीक्षा ५३६ जनाले दिएका छन् भनी खरसाङको स्कूल सह निरीक्षक रोशनी सार्कीले जानकारी गराउनु भएको छ।

****** ० ******

**परीक्षा कालेबुङ**

पश्चिम बंगाल माद्यामिक बोर्डको परीक्षा कालेबुङ जिल्लामा सुचारु रूपमा सञ्चालन गर्न जिल्ला प्रशासनले स्कूल परिसरमा सुरक्षा व्यवस्थामाथि नजर रहेको छ। कालेबुङमा यस वर्ष विद्यार्थीहरूको सङ्ख्या कम भएकाले केवल १७ वटा परीक्षा केन्द्रहरूमा मात्र परीक्षा सञ्चालन भइरहेको छ। आजबाट आरम्भ भएको माध्यमिक परीक्षा आगामी २२ फरवरीको दिनसम्म सञ्चालन हुनेछ। कालेबुङमा कुल यस वर्ष परीक्षा दिने विद्यार्थीहरूको सङ्ख्या ३२११ रहेको छ। जसमा १५३६ जना छात्रहरू छन् भने १६७५जना छात्रा रहेका छन्। कालेबुङका विभिन्न ब्लकमा जम्मा पाँचवटा मुख्य केन्द्र स्थापित गरिएको छ। जसको माध्यमले केन्द्रहरूलाई सञ्चालन गरिनेछ। यता कालेबुङ सहर वरिपरिका चारवटा स्कुलहरूको निम्ति गुमदिने विद्यालयलाई मुख्य केन्द्र बनाइएको छ। यसरी नै चन्द्रमाया स्कुल मुख्य केन्द्रको रूपमा स्थापित गरिएको छ।

****** ० ******

**पुस्तक मेला**

पश्चिम बंगाल मा 48 औ अंतरराष्ट्रीय कोलकाता पुस्तक मेलाको हिज भव्य समापन भयो। मेला आयोजन गिल्डको तर्फबाट आज बताइएको छ यस वर्ष मेला मा 12 दिनको अवधि रेकॉर्ड 27 लाख मानिसहरु पुगेका थिए भने 25 करोड़ रुपियाँ सम्मको पुस्तकहरुको बिक्री भएको बताइएको छ। पब्लिशर्स एंड बुकसेलर्स गिल्डले बताए अनुसार गत वर्ष मेला 14 दिन सम्म चलेको थियो जसमा 28 लाख मानिसहरुले भाग लिएका थिए भने 27 करोड़ रुपियाँ सम्मको पुस्तक बिक्री भएको थियो। गिल्ड का अध्यक्षले बताए अनुसार गत वर्षको तुलना मा यस पटक मेला दुइ दिन कम चले तापनि, बिक्री अनि भीड़ को आंकड़ाले डिजिटल युग मा पनि पुस्तकहरुको लोकप्रियता बनीरहेको साबित हुँदछ। हिज आइतवार साल्ट लेक स्थित 'बोईमेला प्रांगण' मा आयोजित समापन समारोह मा राज्य का मंत्री फिरहाद हाकिम, ब्रात्य बसु अनि अरूप विश्वास शामेल थिए।

****** ० ******

**ईण्डियन रेलवे - कुम्भ**

भारतीय रेलवेले माघी पूर्णिमाको अवसरमा प्रयागराज महाकुम्भमा मानिसहरूले ठूलो भीड़लाई मध्यनजर राख्दै हिजो आईतबार ३३० वटा ट्रेनहरू अनि आज ३३० भन्दा बढ़ी ट्रेनहरू दिउँसो ३ बजी सम्म चलाई सकेको छ। श्रदालुळरूको सुविधाकालाि गयो ट्रेनहरू चलाईएको हो। भोली माघी पूर्णिमाको अवसरमा करोड़ौ श्रदालुहरूको भीड़ आइरहेकोले प्रयागराज तथा वरिपरिका झण्डै ६० किलो मिटर सम्म जामको सामना गर्न परिरहेको छ। ठूलो संख्यामा

श्रदालुहरूको आवागमनले गर्दा यातायातमाि ठूलो दवाब परेको छ। सैकड़ौ किलोटिर सम्म वाहनहरूको जामलाई ध्यानमा राख्दै उत्तर प्रदेशका अतिरिक्त महिानिदेशक कानून– व्यवस्था स्वयं प्रयागराज आज पुग्नुभएको छ तथा यातायातलाई सुचारू गर्ने प्रयास गरिरहेको जानकारी दिनुभएको छ। प्रयागराज तथा वरिपरिका सबै ८ वटा रेलवे स्टेश्नहरू सुचारू ढ़ंगमा काम गरिरहेका छन्। भोलीको अमृत स्नानलाई ध्यानमा राखेर रेलमंत्री अश्वीणी वैष्णव तथा रेलवे बोर्डका अध्यक्षले यात्रीहरूलाई सुविधा होसभन्ने उद्देश्यले समीक्षा बैठक गरेका छन्। जाम र भीड़ले गर्दा संगम र अन्य कतिपय रेलवे स्टेशनहरू बन्द भएको कुरोको रेलवेले खण्डन गर्दै अफवाहरूमाथि ध्यान नदिने मानिसहरूसित आवहान गरेको छ।

****** ० ******

**हाउजिङ फर अल**

खरसाङमा हाउजिङ फर अलको रकममा अनियमितता विषयलाई लिएर गोर्खा युवा एक्टिभिष्ट समूह ग्यानका सदस्य एवं सोसियतल एक्टिभिष्ट आरके शर्माको अगुवाईमा आजदेखि खरसाङ महकुमा शासक कार्यालय अघि धरणा प्रदर्शन शुरू गरिएको छ। उक्त धरणा प्रदर्शन विषयमा पत्रकारहरुसित कुराकानी गर्दै गोर्खा युउथ् एक्टिभिष्ट समूहको सदस्य आरके शर्माले खरसाङ नगरपालिकामा हाउजिङ फर अल योजनाको लाभार्थीहरुले समयमा नै रहल रकम नपाएकोमा धरणा प्रदर्शन शुरु गरिएको जानकारी गराएका छन्। उहाँले हाउजिङ फर अल योजनाको सर्वेक्षण पनि सठीक रुपमा नभएको र अहिलेसम्म केवल २-३ वटा वार्डहरुमा मात्र भएको  आरोप लगाउनु भयो। हाउजिङ फर अलको रकममा अनियमितताबारे निरन्तर काम भइरहेको साथै यस विषयलाई लिएर प्रशासनिक सभा पनि सम्पन्न भएको भन्दै शर्माले कोलकाता अनि दिल्लीवाट पाइएको रिपोर्ट  अनुसार २०१९-२० अनि यताको रकम सरकारद्वारा दिएसकेको जानकारी दिनु भयो। यो रकमको पारदर्शीता सहित लेखा-जोखा होस भन्ने हेतुले धरणा शुरू गरिएको उहाँले बताउनु भयो।

****** ० ******

**बिधायक निरज जिम्बा**

दार्जीलिङ बिधानसभा क्षेत्रका बिधायक निरज जिम्बाले राज्यको राज्यपाललाई दार्जीलिङ , तराई, अनि डुवर्सका  चिया श्रमिकहरुको भूमि अधिकार सुरक्षाका लागि उच्चस्तरीय हस्तक्षेपको अपिल गर्दै पत्रचार गर्नु भएको छ। आफ्नो पत्रमा बिधायक जिम्बाले बंगाल ग्लोबल बिजनेस समिट २०२५ मा पश्चिम बंगाल सरकारले चिया बगान क्षेत्रको ३०% भूमि निजी क्षेत्रलाई हस्तान्तरण गर्ने निर्णय लिएको , तर चिया बगानका श्रमिकहरूलाई जम्मा ५ डिसिमल मात्र जग्गा दिने सन्दर्भ उल्लेख गर्दै निर्णय पूर्ण रूपमा अन्यायपूर्ण, अपमानजनक, र चिया श्रमिकहरूको सामाजिक-आर्थिक अधिकारको गम्भीर उल्लंघन रहेको बताउनु भएको छ। यस सन्दर्भमा चिया बगान क्षेत्रको प्रशासनिक अधिकार पाएको GTA लाई समेत परामर्श प्रक्रियाबाट बाहिर राखिएको छ, जुन लोकतान्त्रिक व्यवस्थाको उपहास भएको भन्दै यस निर्णयलाई तत्काल रोक्न तथा पुनरावलोकन गर्न उचित संवैधानिक प्रक्रिया अपनाउन आग्रह पत्रमा गरिएको छ।

****** ० ******